मिति:२०८०/०४/२६

# पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत अगष्ट सेसन-२०२३ को स्नातकोत्तर तह MBA, MBA-Global Business, MBA-Finance, MHCM and MCIS कार्यक्रमहरुमा अनलाइन छात्रवृत्तिमा दरखास्त फारामभर्ने उम्मेदवारहरुको लागि अत्यन्त जरुरी सूचना !

पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको (MBA, MHCM and MCIS) विभिन्न कार्यक्रमहरुमा नियमानुसार छात्रवृत्तिमा अध्ययन अध्यापन गराउन मिति २०८०/०४/२६ गते शुक्रबारका दिनदेखि अनलाइन फारामभर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०८०/०५/२३ गते शनिबार बेलुका ५:०० बजेसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराईन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गई तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

१) सम्बन्धित लिङ्कमा गइ MBA/MCIS/MHCM Scholarship सम्बन्धि Detail Notice को राम्रो अध्ययन गर्नुहोला ।

२) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा पेश गरिएका सिफारिस पत्रको सक्कलप्रति र अन्य कागजातहरुको प्रतिलिपिहरु माग गरेपछि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM)अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

४) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ । यदी कुनै पनि उम्मेदवारले मार्च सेसन, २०२३ को बेलामानै अनलाईन फाराम भरेको र छात्रवृत्ति प्राप्त नगरेको भए त्यस्ता उम्मेदवारहरुले त्यही अनलाईन फारालाई तोकिएको शुल्क तिरी पुन:अपलोड गर्नुपर्नेछ । यदी उक्त अनलाईन फाराममा कुनै विवरण थपघट गर्नुपर्ने भए व्यवस्थापन संकाय, डीन कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

५) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification Code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्छ ।

६) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नु पर्नेछ । यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ।

७) उम्मेदवार कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एस.एल.सी. उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमानै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

**८) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript / Character छैन भने प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका सबै सेमेष्टरका ग्रेडसीटहरुलाई स्क्यान गरी Agregate Marksheet / Character Certificate / Equivalancy Certificate उल्लेख भएको महलमा समावेश गर्ने ।**

९) उम्मेदवारहरुले अनलाईन फाराम भर्दा सबै इन्फरमेसनका स्टेपहरु नछुटाईकन भरी सेभ गर्दै जानुपर्नेछ । यदी उम्मेदवार कुनै पनि कोटामा पर्ने छैन भने पनि कोटा इन्फरमेसनको स्टेपलाई पनि नछुटाईकन सेभ गर्नुपर्नेछ ।

१०)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

११)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाईसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
स्नातकोत्तर तह छात्रवृत्ति छनौट समिति, २०८०